# भाग ३

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

## सूचना

### संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ८

### भूमि सम्बन्धी (एक्काइसौं संशोधन) नियमहरू, २०८३

भूमि सम्बन्धी नियमहरू, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "भूमि सम्बन्धी (एक्काइसौं संशोधन) नियमहरू, २०८३" रहेको छ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन्।

२. **भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम २ मा संशोधन** : भूमि सम्बन्धी नियमहरू, २०२१ (यसपछि "मूल नियमहरू" भनिएको) को नियम २ को,-

(१) खण्ड (क२) को सट्टा देहायको खण्ड (क२) राखिएको छ :-

"(क२) "भूमि प्रशासन कार्यालय" भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ ले दिएको अधिकार प्रयोग गर्ने जिल्ला सदरमुकामस्थित भूमि प्रशासन कार्यालय सम्झनु पर्छ र सो शब्दले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रालयले तोकेको भूमि प्रशासन कार्यालयलाई समेत जनाउँछ।"

(२) खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन् :-

"(ख) "भूमि प्रशासन अधिकृत" भन्नाले भूमि प्रशासन कार्यालयको प्रमुख वा निजको अधिकार प्रयोग गर्न पाउने गरी तोकिएको अधिकृत सम्झनु पर्छ।"

(ग) "भूमि प्रशासन टोली" भन्नाले भूमि प्रशासन अधिकृतद्वारा खटाइएको सरकारी कर्मचारीहरू सहितको टोली सम्झनु पर्छ।"

(३) खण्ड (थ) पछि देहायका खण्ड (द) र (ध) थपिएका छन् :-

"(द) "समिति" भन्नाले नियम ४१क१. बमोजिमको भूमि समस्या समाधान समिति सम्झनु पर्छ।

(ध) "जिल्ला समिति" भन्नाले नियम ४१क६. बमोजिमको जिल्ला भूमि समस्या समाधान समिति सम्झनु पर्छ।"

३. **<u>मूल नियमहरूमा नियम ४१क१., ४१क२., ४१क३., ४१क४., ४१क५., ४१क६., ४१क७., ४१क८., ४१क९., ४१क१०., ४१क११., ४१क१२., ४१क१३., ४१क१४., ४१क१५., ४१क१६., ४१क१७., ४१क१८., ४१क१९.,</u>**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**<u>४१क२०., ४१क२१., ४१क२२. र ४१क२३. थप</u>** : मूल नियमहरूको नियम ४१क. पछि देहायका नियम ४१क१., ४१क२., ४१क३., ४१क४., ४१क५., ४१क६., ४१क७., ४१क८., ४१क९., ४१क१०., ४१क११., ४१क१२., ४१क१३., ४१क१४., ४१क१५., ४१क१६., ४१क१७., ४१क१८., ४१क१९., ४१क२०., ४१क२१., ४१क२२ र ४१क२३. थपिएका छन् :-

"**४१क१. <u>भूमि समस्या समाधान समिति</u>** : (१) ऐनको दफा ५२ग१. बमोजिम नेपाल राज्यभरका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको भूमि समस्या समाधान समिति रहनेछ :-

(क) नेपाल सरकार, मन्त्रिपरिषद्ले नियुक्ति गरेको व्यक्ति -अध्यक्ष

(ख) कम्तीमा स्नातक उपाधि प्राप्त गरी भूमि व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएका व्यक्तिहरूमध्येबाट नेपाल सरकार,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रिपरिषद्ले नियुक्त गरेका कम्तीमा एकजना महिलासहित तीन जना विज्ञ - सदस्य

(ग) मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम नियुक्तिका लागि प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्त हुन अयोग्य नरहेको व्यक्ति हुनु पर्नेछ।

(३) समितिको सचिवालय काठमाडौं उपत्यकामा रहनेछ।

**४१क२. समितिका अध्यक्ष तथा सदस्यको पदावधि :** (१) समितिका अध्यक्ष तथा नियम ४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिमका सदस्यको पदावधि निजहरूको नियुक्ति भएको मितिले पाँच सय दिनको हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ४१क२०. बमोजिम समितिको कार्यावधि थप भएकोमा नेपाल सरकारले समितिका अध्यक्ष तथा नियम ४१क१. बमोजिमका सदस्यको पदावधि बढीमा एक सय दिन थप गर्न सक्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको अध्यक्ष र नियम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिमका सदस्यलाई नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको कुनै अवस्थामा जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेमा,

(ख) कार्यक्षमताको अभाव भएमा,

(ग) शारीरिक तथा मानसिक रूपले अशक्त भई कार्यसम्पादन गर्न असमर्थ भएमा,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा वा प्रचलित कानूनबमोजिम अयोग्य भएमा,

(ङ) नियम ४१क२३. को उपनियम (४) बमोजिम पदबाट हटाउन मन्त्रालयबाट सिफारिस भई आएमा।

(४) उपनियम (३) बमोजिम पदबाट हटाउनु अघि सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१क३. **समितिका अध्यक्ष वा सदस्यको पद रिक्त हुने अवस्था** : समितिको अध्यक्ष वा नियम ४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिमको सदस्यको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछ :-

(क) नियम ४१क२. को उपनियम (१) वा (२) बमोजिम निजको पदावधि समाप्त भएमा,

(ख) नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष राजीनामा दिएमा,

(ग) नियम ४१क२. को उपनियम (३) बमोजिम पदबाट हटाइएमा, वा

(घ) निजको मृत्यु भएमा।

४१क४. **समितिको काम, कर्तव्य र अधिकार** : (१) यी नियमहरूमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको लागि आधार र मापदण्ड तोक्ने,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगत सङ्कलनको लागि आवश्यक ढाँचा स्वीकृत गर्ने,

(ग) नियम ४१क१२. को उपनियम (२) र (३) बमोजिमको काम निर्धारित समय सीमाभित्र सम्पन्न नहुने अवस्था देखिएमा त्यस्तो कार्य गर्ने,

(घ) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको जग्गामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरू संवत् २०६६ साल माघ २८ गते अगावैदेखि बसोबास गरेको प्रमाणित भएमा जग्गा नापजाँच सम्बन्धी प्रचलित कानूनको अधीनमा रही जग्गा नापजाँच गर्ने, गराउने :-

(१) ऐनको दफा ५२ख. को उपदफा (४) को प्रतिकूल नहुने गरी नदी उकास लगायतका सरकारी जग्गा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रचलित कानूनबमोजिम हदबन्दी भन्दा बढी भई प्राप्त वा जफत भएको जग्गा,

तर यस्तो जग्गा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई मात्र दिन सक्नेछ।

(३) सम्बन्धित मन्त्रालयको सहमतिमा नेपाल सरकारद्वारा विशेष प्रयोजन खुलाई बसोबास गराइएका सरकारी निकायका जग्गा,

(४) सम्बन्धित मन्त्रालयको सहमतिमा बसोबास व्यवस्थापन गर्ने उद्देश्यले गठित राष्ट्रिय आवास वा पुनर्वास कम्पनीलाई दिइएको भए तापनि सो कम्पनीको नाउँमा स्रेस्ता कायम नभएको र बिक्री वितरण हुन बाँकी रहेका जग्गा,

(५) सम्पन्न भएका सरकारी आयोजनाका लागि प्रचलित कानूनबमोजिम प्राप्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

गरिएका जग्गामध्ये सम्बन्धित मन्त्रालयको सहमतिमा सो आयोजनालाई आवश्यक नरहेको जग्गा,

(६) सरकारी अमानती जग्गा,

(७) लगती रसिद बमोजिम वहाल बिटौरी जग्गा,

(८) साविक लगत नभिडेका वा व्यक्ति विशेषको हकदाबी नपुगेका ऐलानी, पर्ती, आँकडा, हले, पाटे, कोदाले, विरौटा, किपट र उखडा जग्गा,

(९) अभिलेखमा वनक्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भई आवाद गुल्जार गरी बसोबास गरेका जग्गा,

(१०) नेपाल सरकारद्वारा घोषित औद्योगिक क्षेत्रमा बसोबास रहेको जग्गा,

(११) साविकमा सडक जनिने गरी नाप नक्सा भए तापनि सम्बन्धित निकायले तोकेको सडक मापदण्ड



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्दा बढी रहेको जग्गामा बसोबास रहेको र सो बसोबासले उक्त सडक जनिएको कित्तासँग जोडिएको कित्ता असर नगर्ने भएमा त्यस्तो मापदण्ड भन्दा बढी भएको जग्गा।

(ङ) स्थानीय तहबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न आवश्यक प्रणालीको विकास गरी सोही प्रणालीको आधारमा अव्यवस्थित बसोबासीको जग्गाको वर्गीकरण गर्ने,

(च) अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराएबापत ऐन तथा यी नियमहरू बमोजिम दस्तुर लिने,

(छ) स्थानीय तहबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र समितिबाट नापजाँच भएपछि स्वीकृत कार्यविधिको अधीनमा रही भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गराउने,

(ज) ऐन तथा यी नियमहरू विपरीत कुनै परिवारले जग्गा लिएको देखिन आएमा त्यसरी लिएको जग्गाको दर्ता स्रेस्ता खारेज गर्न भूमि प्रशासन कार्यालयलाई लेखी ऐनको दफा ५२घ. र नियम ४१फ. बमोजिम सजायका लागि प्रमुख जिल्ला अधिकारीसमक्ष सिफारिस गर्ने,

(झ) स्थानीय विशिष्टताको आधारमा सहरी क्षेत्रमा एकीकृत आवास वा जग्गा विकासको माध्यमबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा उपयुक्त कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ञ) असुरक्षित बस्ती स्थानान्तरण वा एकीकृत बस्ती विकास गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नुपर्ने भएमा एकीकृत आवासका लागि जग्गाको एकीकरण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) रैकर निजी प्रकृतिको जग्गा बाहेक अन्य सरकारी प्रकृतिको जग्गाको हकमा यो नियम प्रारम्भ हुनुअघि गठन भएका समिति वा आयोगबाट एउटै जग्गाको दोहोरो स्रेस्ता कायम गरी पूर्जा वितरण गरेको देखिएमा आवश्यक छानबिन गरी आवाद कमोत नभएको व्यक्तिको नाममा कायम रहेको दर्ता स्रेस्ता खारेज गर्ने,

(ठ) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सम्बन्धित निकायसँग कागजात माग गर्ने, सम्बन्धित व्यक्तिलाई झिकाई बुझ्ने, कागज गराउने वा स्थलगत सर्जमिन गर्ने वा गराउने,

(ड) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि जग्गाको प्रकृति र उपयोगको आधारमा बाधा पर्न गएको देखिएमा समितिले आवश्यक जाँचबुझ गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिफारिस सहित निकासाका लागि मन्त्रालयसमक्ष पेस गर्ने,

(ढ) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा शान्ति सुरक्षा आवश्यक पर्ने देखिएमा सम्बन्धित निकायबाट आवश्यक सहयोग लिने,

(ण) मन्त्रालयले तोकेका अन्य काम गर्ने।

(२) समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिको सदस्य वा जिल्ला समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) उपनियम (१) को खण्ड (घ) बमोजिमको सरकारी जग्गा नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम गरेपछि मात्र भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नु पर्नेछ।

**४१क५. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u> :** (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) उपनियम (१) बमोजिम समितिको बैठक बस्ने मिति, समय र स्थान तय भएपछि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिको सदस्य-सचिवले बैठकको कार्यसूची, बैठक बस्ने मिति, समय र स्थान समेत खुलाई बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सोको सूचना समितिका अध्यक्ष र सदस्यलाई दिनु पर्नेछ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ, मन्त्रालय, सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहका पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

तर बैठकमा आमन्त्रित विज्ञ वा पदाधिकारीलाई मत दिने अधिकार हुने छैन।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमत सदस्यको राय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) अध्यक्ष र सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

**४१क६.** **<u>जिल्ला भूमि समस्या समाधान समितिको गठन</u>** : (१) समितिको काम, कारबाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न आवश्यकता र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

औचित्यको आधारमा मन्त्रालयले देहायबमोजिमको जिल्ला भूमि समस्या समाधान समिति गठन गर्न सक्नेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्लाभित्रको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) जिल्ला समन्वय अधिकारी -सदस्य

(घ) प्रमुख, जिल्ला सदरमुकामस्थित भूमि प्रशासन कार्यालय -सदस्य

(ङ) प्रमुख, जिल्ला सदरमुकामस्थित डिभिजन वन कार्यालय -सदस्य

(च) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय -सदस्य

(छ) प्रमुख, जिल्ला सदरमुकाम स्थित नापी कार्यालय -सदस्य-सचिव

(२) जिल्ला समितिको सचिवालय सम्बन्धित जिल्लाको जिल्ला सदरमुकाम स्थित नापी कार्यालय वा जिल्ला समितिको अध्यक्षले तोकेको स्थानमा रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिमको कार्यालय भवनमा सचिवालय तोक्न नसकिने भएमा सम्भव भएसम्म घरभाडा तिर्न नपर्ने गरी कुनै सरकारी निकायको भवन प्रयोग गर्ने कार्यलाई प्राथमिकतामा राख्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम कुनै सरकारी निकायको भवन उपलब्ध नभएमा घरभाडा तिर्ने गरी जिल्ला समितिले उपयुक्त स्थान छनौट गर्न सक्नेछ।

**४१क७. <u>जिल्ला समितिको बैठक सम्बन्धी कार्यविधि</u> :** (१) जिल्ला समितिको बैठक आवश्यकताअनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) जिल्ला समितिले आवश्यकताअनुसार भूमि प्रशासनसँग सम्बन्धित विषय विज्ञ वा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

तर त्यस्तो विज्ञ वा कर्मचारीलाई मत दिने अधिकार हुने छैन।

(३) जिल्ला समितिको बैठकमा कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) जिल्ला समितिको बैठकमा बहुमत सदस्यको राय निर्णय मानिनेछ र मत बराबर भएमा जिल्ला समितिका अध्यक्षले निर्णायक मत दिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) जिल्ला समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नु पर्नेछ।

(६) जिल्ला समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सोही समितिले निर्धारण गरेबमोजिम हुनेछ।

**४१कद.** **<u>जिल्ला समितिको काम, कर्तव्य र अधिकार</u> :** जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) जिल्लाभित्र रहेका भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीका लागि बसोबास व्यवस्थापन गर्नका लागि कार्ययोजना तर्जुमा गरी स्वीकृत गर्ने र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्ने,

(ख) आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण तालिम दिने,

(ग) समितिको काम कारबाहीका सम्बन्धमा सरोकारवालासँग छलफल र अन्तरक्रिया गर्ने,

(घ) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा देखिएका समस्या जिल्ला स्तरमा समाधान गर्न नसकिने भएमा समस्या समाधानको लागि आफ्नो रायसहित समितिमा लेखी पठाउने,

(ङ) जिल्लाभित्र रहेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने विषयमा प्रदेश सरकार, जिल्ला भित्रका स्थानीय तह र अन्य सरोकारवालाबीच आवश्यक समन्वय र सहजीकरण गर्ने,

(च) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र प्रमाणीकरण सम्बन्धमा स्थानीय तहबाट भएको कार्यको अनुगमन गर्ने,

(छ) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा शान्ति सुरक्षा आवश्यक पर्ने देखिएमा सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निकायबाट आवश्यक सहयोग लिने,

(ज) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई प्रदान गरिएको जग्गाको जग्गाधनी दर्ता स्रेस्ता, निर्णय पुस्तिका र निर्णय मिसिल सम्बन्धित भूमि प्रशासन कार्यालयमा र नापी नक्सा तथा फिल्डबुक सम्बन्धित नापी कार्यालयलाई हस्तान्तरण गर्ने,

(झ) समितिले तोकेको अन्य काम गर्ने।

**४१क९.** **<u>पारिश्रमिक तथा अन्य सुविधा</u>** : (१) समितिका अध्यक्ष, सदस्य र जिल्ला समितिका अध्यक्ष, सदस्यले अनुसूची-२०क. मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा प्राप्त गर्नेछन्।

(२) समितिको अध्यक्ष र सदस्य नियमित रूपमा सचिवालयमा हाजिर भई कार्यसम्पादन गर्नु पर्नेछ।

(३) समितिका अध्यक्ष र सदस्यले गर्नुपर्ने कार्य विवरणको सम्बन्धमा समितिले आवश्यक मापदण्ड बनाई लागु गर्नेछ।

(४) समितिको अध्यक्षको नेपालभित्रको भ्रमणको स्वीकृति भूमि व्यवस्था, सहकारी तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिबी निवारण मन्त्री र सदस्यको नेपालभित्रको भ्रमणको स्वीकृति समितिको अध्यक्षले गर्नु पर्नेछ।

**४१क१०. सहयोग उपलब्ध गराउनु पर्ने** : (१) समिति र जिल्ला समितिले यी नियमहरू बमोजिमको कार्यसम्पादनको लागि आवश्यक पर्ने कागजात, विवरण, जग्गा दर्तासँग सम्बन्धित मिसिल तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई दिन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा सो अन्तर्गतका निकायमा अनुरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा सम्बन्धित निकायले त्यस्तो सहयोग उपलब्ध गराउनु पर्नेछ।

**४१क११. कार्ययोजना बनाई काम गर्नुपर्ने** : (१) यी नियमहरूको कार्यान्वयन गर्न समितिले स्पष्ट लक्ष्य सहितको कार्ययोजना र कार्यतालिका बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम समितिले बनाएको कार्ययोजना र कार्यतालिकाको अधीनमा रही जिल्ला समितिले स्पष्ट लक्ष्य सहितको कार्ययोजना र कार्यतालिका बनाई आफ्नो कार्यसम्पादन गर्नु पर्नेछ।

**४१क१२. समन्वय गर्ने** : (१) समितिले देहायको प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ :-

(क) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोजनका लागि जग्गाको छनौट तथा व्यवस्थापन गर्न,

(ख) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि समितिलाई आवश्यक उपकरण, स्रोत साधन र जनशक्ति उपलब्ध गराउन।

(२) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र प्रमाणीकरणको काम समितिले समय सीमा तोकी सम्बन्धित स्थानीय तहमार्फत गर्नु पर्नेछ।

(३) सम्बन्धित भूमि प्रशासन कार्यालयको समन्वय तथा सम्बन्धित नापी कार्यालयको प्राविधिक रेखदेख र सम्बन्धित स्थानीय तहको सहयोगमा समितिले नक्सा स्रेस्ता तयार गर्नेछ।

(४) सम्बन्धित प्रदेश सरकार र स्थानीय तहसँगको समन्वयमा समितिले प्रदेश सरकार र स्थानीय तह मातहतका नापी प्राविधिकलाई नापजाँचको लागि परिचालन गर्न सक्नेछ।

(५) समितिले अधिकृतस्तरको दक्ष प्राविधिक जनशक्तिसमेत जिल्लास्तरमा परिचालन गर्नुपर्ने आवश्यक देखी नापी विभागसँग अनुरोध गरेमा नापी विभागले आफ्नै वा आफू अन्तर्गतका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकृतस्तरका प्राविधिक कर्मचारी समितिको काममा परिचालन गर्न सक्नेछ।

(६) नियम ४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिम नियुक्त सदस्यलाई समितिले आफूले सम्पादन गर्नुपर्ने कामको सम्बन्धमा सम्बन्धित प्रदेश सरकार र स्थानीय तहसँग समन्वय र सहजीकरणको लागि समन्वयकर्ताको रूपमा तोक्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम समन्वयकर्ताको रूपमा तोकिएको समितिको सदस्यलाई सम्बन्धित प्रदेश सरकारको भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने मन्त्रालयले आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ।

**४१क१३. <u>जग्गाधनी दर्ता पूर्जा उपलब्ध गराउने</u> :** (१) समितिले पहिचान र प्रमाणीकरण गरेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा जग्गाको नक्सा स्रेस्ताको आधारमा तयार भएको जग्गाधनी दर्ता प्रमाणपूर्जा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधिको रोहबरमा सम्बन्धित भूमि प्रशासन कार्यालयको प्रमुखले वितरण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराउँदा सगोलमा रहेका पति पत्नीको संयुक्त नाममा पूर्जा तयार गरी उपलब्ध गराउनु पर्नेछ।

तर पति वा पत्नीमध्ये कुनै एक नभएकै आधारमा त्यस्तो व्यक्तिको नाममा जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउन बाधा पर्ने छैन।

(३) नक्सा तयार गर्ने प्रयोजनका लागि जग्गाको क्षेत्रफल गणना गर्दा वर्ग मिटरमा उल्लेख गर्नु पर्नेछ। त्यसरी जग्गाको क्षेत्रफल वर्गमिटरमा कायम गर्दा दशमलव पछि दुई अङ्कसम्म उल्लेख गर्नु पर्नेछ।

(४) समितिबाट स्वीकृत भएका नक्सा, फिल्डबुक तथा नापीसँग सम्बन्धित कागजात, जग्गाधनी दर्ता स्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा जिल्ला समितिको सदस्य- सचिवले प्रमाणित गर्नु पर्नेछ।

(५) समिति वा जिल्ला समितिबाट नियम ४१क२०. को उपनियम (६) बमोजिम अभिलेखसहित प्रमाणित नक्सा स्रेस्ता प्राप्त भएपछि भूमि प्रशासन कार्यालय र नापी कार्यालयले त्यस्तो नक्सा स्रेस्ता प्राप्त भएको मितिले साठी दिनभित्र भूअभिलेख सूचना व्यवस्थापन प्रणालीमा समेत प्रविष्ट गरी लागु गर्नु पर्नेछ।

(६) समितिमा प्राप्त निवेदन, जग्गाधनी दर्ता प्रमाणपूर्जा प्राप्त गर्न योग्य भूमिहीन दलित र भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जिल्लागत विवरण र वास्तविक रूपमा जग्गा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वितरणको अवस्था र क्षेत्रफलसहितको जिल्लागत तथा एकीकृत विवरण साप्ताहिक रूपमा समितिको वेबसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ।

**४१क१४. <u>बाँकी काम सम्पन्न गर्ने</u>** : (१) यो नियम प्रारम्भ हुनु अघि गठन भएका समिति वा कार्यदलबाट काम सुरू भई सम्पन्न हुन बाँकी रहेको काम वा निर्णयको कार्यान्वयन समेत समितिले गर्नेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि समितिले जिल्ला समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**४१क१५. <u>निर्देशन दिनसक्ने</u>** : मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**४१क१६. <u>राजस्व खातामा दाखिला गर्नु पर्ने</u>** : समितिले अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराएबापत प्राप्त दस्तुर नेपाल सरकारको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

**४१क१७. <u>बजेट सम्बन्धी व्यवस्था</u>** : (१) समितिले आफ्नो र जिल्ला समितिको लागि आवश्यक पर्ने कार्यक्रम र बजेट प्रस्ताव तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बजेट व्यवस्थापनको लागि समितिबाट पेस भएकोमा मन्त्रालयले आवश्यकता र औचित्यको आधारमा समिति र जिल्ला समितिको लागि स्वीकृत वार्षिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यक्रमको अधीनमा रही आवश्यक बजेट व्यवस्था गर्नेछ।

(३) समितिको उपलब्धि र कार्य प्रगतिको आधारमा थप बजेट आवश्यक पर्ने देखिएमा मन्त्रालयले नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष अनुरोध गरी पठाउन सक्नेछ।

(४) समिति र जिल्ला समितिको लेखा प्रणाली सङ्घीय कानूनबमोजिम सरकारी लेखा प्रणाली अवलम्बन गरी सञ्चालन गर्नु पर्नेछ।

(५) समितिको खाता समितिको सदस्य-सचिव र लेखापालको संयुक्त दस्तखतबाट तथा जिल्ला समितिको खाता सो समितिको सदस्य-सचिव र नापी कार्यालयको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(६) समिति र जिल्ला समितिको लेखा परीक्षण प्रचलित सङ्घीय कानूनबमोजिम हुनेछ।

(७) समिति र जिल्ला समितिको आर्थिक प्रशासन सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानूनबमोजिम हुनेछ।

**४१क१८.** **कर्मचारी व्यवस्थापन** : (१) समितिको कामको लागि आवश्यक पर्ने अनुसूची-२०ख. मा उल्लेख भए बमोजिमका कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नेपाल सरकारले कर्मचारी उपलब्ध नगराएमा समितिले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

करार सेवामा भर्ना गरी कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।

(३) प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित अन्य सरकारी कार्यालयमा कार्यरत कर्मचारीलाई सम्बन्धित कार्यालयको कार्यालय प्रमुखसँग समन्वय गरी जिल्ला समितिमा काम गर्ने गरी काजमा खटाउनु पर्नेछ।

(४) नापी विभागले नापजाँचका लागि फिल्डमा खटिने अनुसूची-२०ग. मा उल्लिखित सङ्ख्याका प्राविधिक कर्मचारीलाई समितिमा काम गर्न काजमा खटाउन सक्नेछ।

(५) यस नियमबमोजिम करार सेवामा भर्ना गरिएका कर्मचारीले तत् तत् तहका कर्मचारी सरहको सुरू तलब स्केल र भ्रमण गर्दा निजले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछन्।

(६) यस नियमबमोजिम करार सेवामा भर्ना हुने कर्मचारीको सम्बन्धमा प्रचलित कानूनबमोजिम अर्थ मन्त्रालयको सहमति लिनुपर्ने भएमा समितिले मन्त्रालयमार्फत् अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) जिल्ला समितिलाई सहयोग पुऱ्याउन समितिले माग गरेको अवस्थामा प्रदेश सरकार र स्थानीय तहले आवश्यक कर्मचारी काजमा खटाउन सक्नेछन्।

**४१क१९. <u>प्रतिवेदन पेस गर्नु पर्ने</u>** : (१) जिल्ला समितिले आफूले सम्पादन गरेका काम कारबाहीको प्रगति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरण प्रत्येक महिना समाप्त भएको मितिले सात दिनभित्र समिति र प्रदेश सरकारको भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने मन्त्रालयसमक्ष पेस गर्नु पर्नेछ।

(२) समितिले आफू र जिल्ला समितिले गरेका काम कारबाहीको विवरण नियम ४१क११. बमोजिमको कार्ययोजना अनुकूल रहे वा नरहेको सम्बन्धमा तुलनात्मक विवरण सहितको प्रतिवेदन प्रत्येक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले नेपाल सरकारसमक्ष यथाशीघ्र पेस गर्नु पर्नेछ।

**४१क२०. <u>समिति र जिल्ला समितिको कार्यावधि</u> :** (१) समितिको कार्य अवधि समिति गठन भएको मितिले पाँचसय दिनको हुनेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र काम सम्पन्न हुन नसकेमा नेपाल सरकारले समितिको अवधि बढीमा एक सय दिन थप गर्न सक्नेछ।

(३) जिल्ला समितिको कार्यावधि पाँच हजारभन्दा बढी निवेदन परेको जिल्लाको हकमा पाँच सय दिन, एक हजार भन्दा बढी पाँच हजारसम्म निवेदन परेको जिल्लाको हकमा दुई सय दिन र एक हजारसम्म निवेदन परेको जिल्लाको हकमा एक सय पचास दिनको हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समिति वा सम्बन्धित जिल्ला समितिबाट भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने काम सम्पन्न भएपछि नेपाल सरकारले समिति वा सम्बन्धित जिल्ला समिति विघटन गर्नेछ।

(५) उपनियम (४) बमोजिम काम सम्पन्न भई समिति विघटन भएपछि समितिबाट भए गरेको काम कारबाही सम्बन्धी निर्णय, अभिलेख लगायतका सम्पूर्ण कागजात समितिले मन्त्रालयमा हस्तान्तरण गर्नु पर्नेछ।

(६) जिल्ला समितिले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा गरेको निर्णय, प्रमाणित जग्गाधनी दर्ता स्रेस्ता तथा अन्य अभिलेख सम्बन्धित भूमि प्रशासन कार्यालयमा र प्रमाणित नक्सा तथा फिल्डबुक लगायतको अभिलेख सम्बन्धित नापी कार्यालयमा हस्तान्तरण गर्नु पर्नेछ।

**४१क२१. <u>बजेट तथा कार्यक्रम, कागजात, विवरण प्रयोग गर्ने तथा कर्मचारी परिचालन गर्नसक्ने</u>** : (१) समितिले ऐनको दफा ५२क. र दफा ५२ख. बमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा दफा ५२ग. बमोजिम अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि यो नियम प्रारम्भ हुनुअघि भूमि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोगले जग्गा उपलब्ध गराउने प्रयोजनका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान गरी लगत लिने, जग्गा पहिचान गर्ने, स्थलगत अध्ययन गरी जग्गाको लगत लिने र सङ्कलन गरेको प्रमाण लगायतका कागजात तथा निर्णयहरूका आधारमा थप कारबाही अघि बढाउन सक्नेछ।

(२) भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम कुनै स्थानीय तहमा लगत लिने कार्य बाँकी रहेको भए सम्बन्धित स्थानीय तहले यी नियमहरू लागु भएको मितिले चौध दिनभित्र उक्त कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

(३) भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोगलाई नेपाल सरकारले विनियोजन गरेको बजेट तथा स्वीकृत कार्यक्रम समिति तथा जिल्ला समितिले स्वत: परिचालन गर्न सक्नेछ।

(४) भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोगले नियुक्त गरेका कर्मचारीहरूलाई समितिले आवश्यकता अनुसार पुन: परिचालन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**४१क२२. गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था** : (१) जिल्ला समितिको काम कारबाहीको विषयमा समितिमा र समितिको काम कारबाहीको विषयमा मन्त्रालयमा गुनासो गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको गुनासो यथाशीघ्र सम्बोधन गर्नु पर्नेछ।

**४१क२३. उजुरी गर्न सक्ने** : (१) कसैले समिति तथा जिल्ला समितिका अध्यक्ष वा सदस्यले गरेको काम कारबाहीका सम्बन्धमा मन्त्रालयमा उजुरी गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको उजुरी प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा समितिका अध्यक्ष तथा सदस्यलाई तत्काल समितिको कामबाट अलग गर्नुपर्ने देखिएमा मन्त्रालयले निजलाई कामबाट अलग गरी थप छानबिन गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम मन्त्रालयको थप छानबिनबाट अध्यक्ष तथा नियम ४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिमका सदस्यले इमान्दारीपूर्वक पदीय कर्तव्य पूरा नगरेको देखिएमा निजलाई पदबाट हटाउन नेपाल सरकारसमक्ष सिफारिस गर्न र नियम ४१क१. को उपनियम (१) को खण्ड (ग) बमोजिमको सदस्यलाई पदबाट हटाउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा जिल्ला समितिका अध्यक्ष वा सदस्यलाई जिल्ला समितिको कामकारबाहीबाट अलग गरी निजको सम्बन्धमा थप छानबिन गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिमको थप छानबिनबाट निजले इमान्दारीपूर्वक पदीय कर्तव्य पूरा नगरेको देखिएमा निजलाई उक्त जिल्लाबाट सरूवा गर्न निजको सेवा सञ्चालन गर्ने मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

(७) यस नियम बमोजिमको जाँचबुझबाट प्रचलित कानून बमोजिम कारबाही गर्नु पर्ने देखिएकोमा त्यस्तो कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।"

४. **मूल नियमहरूको नियम ४१ख. मा संशोधन** : मूल नियमहरूको नियम ४१ख. को उपनियम (१) को खण्ड (ख) को स्पष्टीकरणको उपखण्ड (१) झिकिएको छ।

५. **मूल नियमहरूको नियम ४१ग. मा संशोधन** : मूल नियमहरूको नियम ४१ग. को,-

(१) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) नियम ४१च. बमोजिम निर्धारण भएको दस्तुर लिई समितिले अव्यवस्थित बसोबासीलाई उपनियम (१) बमोजिमको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गाको स्वामित्व उपलब्ध गराउनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१०) मा रहेका "मालपोत कार्यालयले" भन्ने शब्दहरूको सट्टा "भूमि प्रशासन कार्यालयले" भन्ने शब्दहरू राखिएका छन्।

६. **मूल नियमहरूमा नियम ४१घ१. थप** : मूल नियमहरूको नियम ४१घ. पछि देहायको नियम ४१घ१. थपिएको छ :-

"**४१घ१. अव्यवस्थित बसोबासीको वर्गीकरण गर्ने** : (१) नियम ४१घ. बमोजिम स्थानीय तहबाट प्राप्त अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क र अनुसूची-२२क. बमोजिमको आधार, मापदण्ड र अङ्कभार बमोजिम समितिले अव्यवस्थित बसोबासीको वर्गीकरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिएको अव्यवस्थित बसोबासीको वर्गीकरण सम्बन्धी विवरण समितिले सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सार्वजनिक भएको विवरणमा कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउनको लागि कुनै अव्यवस्थित बसोबासीले त्यस्तो विवरण प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तहमार्फत् समितिसमक्ष निवेदन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम निवेदन पर्न आएमा समितिले सम्बन्धित स्थानीय तहको सिफारिस समेतका आधारमा जाँचबुझ गरी त्यस्तो निवेदन एक्काइस दिनभित्र फछ्र्यौट गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा अव्यवस्थित बसोबासीको वर्गीकरणमा कुनै त्रुटि देखिएमा समितिले त्यस्तो वर्गीकरणमा रहेको त्रुटि सच्याउन सक्नेछ।"

७. **मूल नियमहरूको नियम ४१च. मा संशोधन** : मूल नियमहरूको नियम ४१च. को सट्टा देहायको नियम ४१च. राखिएको छ :-

"**४१च. दस्तुर निर्धारण** : नियम ४१घ१. बमोजिम अव्यवस्थित बसोबासीको वर्गीकरणको आधारमा समितिले अनुसूची-२३क. बमोजिम दस्तुर निर्धारण गर्नेछ।"

८. **मूल नियमहरूको नियम ४१ढ. मा संशोधन** : मूल नियमहरूको नियम ४१ढ. को उपनियम (३) मा रहेका "आयोगको जिल्ला समिति" भन्ने शब्दहरूको सट्टा "जिल्ला समिति" भन्ने शब्दहरू राखिएका छन्।

९. **मूल नियमहरूको नियम ४१न. मा संशोधन** : मूल नियमहरूको नियम ४१न. को सट्टा देहायको नियम ४१न. राखिएको छ :-

"**४१न. स्वामित्व वा दर्ता स्रेस्ता सम्बन्धी समस्या समाधान गर्ने** : (१) समितिले यो नियम प्रारम्भ हुनुअघि नेपाल सरकारको निर्णयबमोजिम गठन भएका विभिन्न समिति, आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए सो सम्बन्धमा निवेदन दिनको लागि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा पैंतिस दिनको सूचना दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको सूचना सार्वजनिक सञ्चारका माध्यमबाट समेत प्रसारण गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित समयभित्र निवेदन पर्न आएमा समितिले साविकमा गठन भएको समिति, आयोग वा कार्यदलले गरेको काम कारबाही सम्बन्धी अभिलेख सम्बन्धित निकायबाट माग गर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त अभिलेख र स्थलगत वस्तुस्थिति समेतको आधारमा समितिले जग्गाको स्वामित्व वा जग्गाधनी दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा देखिएका समस्या समाधान गर्नेछ।"

**१०. <u>रूपान्तर</u> :**

(१) मूल नियमहरूको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएको छ :-

(क) "जिल्ला भूमिसुधार कार्यालय" को सट्टा "भूमि प्रशासन कार्यालय",

(ख) "भूमिसुधार अधिकारी" को सट्टा "भूमि प्रशासन अधिकृत",

(ग) "भूमिसुधार टोली" को सट्टा "भूमि प्रशासन टोली"।

(२) मूल नियमहरूको परिच्छेद-५ अन्तर्गतको नियम ४४क. बाहेक सोही परिच्छेदको ठाउँ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ठाउँमा रहेका "आयोग" भन्ने शव्दको सट्टा "समिति" भन्ने शव्द राखी रूपान्तर गरिएको छ।

११. **<u>मूल नियमहरूमा अनुसूची थप</u>** : मूल नियमहरूमा यसैसाथ संलग्न देहायका अनुसूची-२०क., अनुसूची-२०ख., अनुसूची-२०ग., अनुसूची-२२क. र अनुसूची-२३क. थपिएका छन्।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-२०क.

(नियम ४१क९.को उपनियम (१) सँग सम्बन्धित)

## समितिका अध्यक्ष, जिल्ला समितिका अध्यक्ष, सदस्यले प्राप्त गर्ने पारिश्रमिक र सेवा सुविधा

(क) समितिका अध्यक्ष र नियम ४१क१. को उपनियम (१) को खण्ड (ख) बमोजिमको सदस्यले प्राप्त गर्ने पारिश्रमिक र सेवा सुविधा

| पदाधिकारी | मासिक पारिश्रमिक | सवारी साधन सुविधा | भ्रमण भत्ता (स्वीकृत भ्रमण आदेशको हकमा) | इन्धन (मासिक) | कैफियत |
|---|---|---|---|---|---|
| अध्यक्ष | रू. ६७,५३०।- | हलुका सवारी चालक सहित १ वटा चार पाङ्ग्रे गाडी | प्रतिदिन रू. २,५००।- | १५० लिटर | ६ लिटर मोबिल (त्रैमासिक) |
| सदस्य | रू. ५६,७८७।- | मासिक रू. २५,०००।- | प्रतिदिन रू. २,०००।- | - | - |

(ख) नियम ४१क६. को उपनियम (१) बमोजिमका जिल्ला समितिका अध्यक्ष र सदस्यले खाईपाई आएको मासिक तलब स्केलको पच्चिस प्रतिशत भत्ता पाउनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२०ख.

(नियम ४१क१८.को उपनियम (१) सँग सम्बन्धित)

## समितिमा रहने कर्मचारी

| क्र.सं. | पद नाम | श्रेणी | सेवा/समूह/उपसमूह | दरबन्दी |
|---|---|---|---|---|
| १. | उपसचिव | रा.प. द्वितीय | प्रशासन/सामान्य प्रशासन | १ |
| २. | प्रमुख नापी अधिकृत | रा.प. द्वितीय | इन्जिनियरिङ/सर्भे | ३ |
| ३. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन/सामान्य प्रशासन | २ |
| ४. | नापी अधिकृत | रा.प. तृतीय | इन्जिनियरिङ/सर्भे | ४ |
| ५. | कानून अधिकृत | रा.प. तृतीय | न्याय/कानून | १ |
| ६. | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | १ |
| ७. | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन लेखा | १ |
| ८. | सर्वेक्षक | रा.प.अनं. प्रथम | इन्जिनियरिङ/सर्भे | ८ |
| ९. | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन/सामान्य प्रशासन | १ |
| १०. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | ३ |
| ११. | सहायक लेखापाल | रा.प.अनं. द्वितीय | प्रशासन/लेखा | १ |
| १२. | सहायक कम्प्युटर अपरेटर | रा.प.अनं. द्वितीय | विविध | ३ |
| १३. | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन/सामान्य प्रशासन | २ |
| १४. | सवारी चालक | श्रेणी विहीन | इन्जिनियरिङ/मेकानिकल/जनरल मेकानिकल | ६ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन/सामान्य प्रशासन | ७ |
| जिल्ला समितिका लागि | | | | |
| १६. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | ७७ |
| १७. | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन/सामान्य प्रशासन | ७७ |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२०ग.

(नियम ४१क१८. को उपनियम (४) सँग सम्बन्धित)

**नापजाँचका लागि फिल्डमा खटिने प्राविधिक कर्मचारी**

| क्र.सं. | पद नाम | श्रेणी | सेवा/समूह | आवश्यक कर्मचारी सङ्ख्या |
|---|---|---|---|---|
| १. | सर्वेक्षक | रा.प.अनं प्रथम | इन्जिनियरिङ/सर्भे | ४०० |
| २. | अमिन | रा.प.अनं. द्वितीय | इन्जिनियरिङ/सर्भे | ६०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-२२क.
## (नियम ४१घ१. को उपनियम (१) सँग सम्बन्धित)

## (क) अव्यवस्थित बसोबासीको वर्गीकरणको आधार र मापदण्ड

| क्र.सं. | वर्गीकरणको आधार | मापदण्ड | | अङ्कभार |
|---|---|---|---|---|
| १. | जनसङ्ख्याको आर्थिक अवस्था | | | ३० |
| | | **(क) आर्थिक स्थिति** : निजको परिवारको नाममा कायम कूल सम्पत्तिको मूल्य (एकीकृत सम्पत्ति कर प्रयोजनको लागि अन्यत्र जग्गा रहेको स्थानीय तहले निर्धारण गरेको मूल्याङ्कनलाई आधार लिइने र चल सम्पत्तिको हकमा निज वा निजको परिवारको नाममा रहेको गाडी, स्कूटर, सुन, चाँदी, बैङ्क व्यालेन्स तथा नगद समेतको आधारमा निजले स्वःघोषणा गरे बमोजिम) | रू. दश लाख सम्म | १ |
| | | | रू. दश लाख भन्दा माथि रू. पच्चिस लाखसम्म | ३ |
| | | | रू. पच्चिस लाख भन्दा माथि रू. पचास लाखसम्म | ५ |
| | | | रू. पचास लाख भन्दा माथि रू. एक करोडसम्म | ७ |
| | | | रू. एक करोड भन्दामाथि | १० |
| | | **(ख) जीवन निर्वाहको आधार** : (परिवारका मुख्य सदस्य वा अन्य सदस्यले गरेको पेशा व्यवसाय समेतको आधारमा) | ज्याला मजदुरी | १ |
| | | | कृषि कार्य | २ |
| | | | अस्थायी वा वैदेशिक रोजगारी | ४ |
| | | | स्थायी रोजगारी | ७ |
| | | | उपरोक्त मध्ये एक भन्दा बढी | १० |
| | | | दर्तावाल व्यवसाय व्यापार | १२ |
| | | | व्यापार व्यवसाय सहित एक भन्दा बढी | १५ |
| | | **(ग) जीवनयापनको स्तर** : (निज वा निजको परिवारले उपयोग गरेको आवास, घरायसी उपभोगका सामानहरू, प्रयोग गर्ने उपकरणहरू सवारी साधन, छोरा/छोरीले अध्ययन गर्ने स्कूल तथा कलेज लगायतका आधारमा) | अति कमजोर | ० |
| | | | कमजोर | १ |
| | | | सामान्य | २ |
| | | | मध्यम | ३ |
| | | | उच्च | ५ |
| २. | | | | १५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | बसोबास स्थिति | **बसोबास र आवाद कमोतको स्थिति :** (निज वा निजको परिवारले जग्गामा बसोबास वा आवाद कमोत कसरी गरिआएको छ भन्ने आधारमा) | स्थायी बसोबास वा आवाद कमोत | १ |
| | | | अस्थायी वा मौसमी आवाद कमोत | ७ |
| | | | अन्य व्यक्ति मार्फत आवाद कमोत | १५ |
| ३. | जग्गाको प्रकृति | | | ५ |
| | | निज वा निजको परिवारले भोगचलन गरेको जग्गाको प्रकृतिको आधारमा | आवाद लायक ऐलानी जग्गा | १ |
| | | | पर्ती, नदी उकास लगायतका सरकारी जग्गा | ३ |
| | | | वन क्षेत्र जनिएको भए तापनि हाल आवाद भएको जग्गा | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | क्षेत्रफल | | | | | १५ |
| | | **भोगचलन गरेको जग्गाको क्षेत्रफल :** (निज वा निजको परिवारले भोगचलन गरेको जग्गाको (आवास वा कृषि) प्रकृति र सो जग्गाको क्षेत्रफलको आधारमा) दुवै क्षेत्रमा भोगचलन गरेको भए जुन क्षेत्रको आधारमा बढी | आवास/व्यावसायिक (वर्ग मिटरसम्म) | | कृषि (वर्ग मिटरसम्म) | |
| | | | नगरपालिकाको सहरी क्षेत्र बाहेकको अन्य क्षेत्र | काठमाडौं उपत्यका तथा नगरपालिकाको सहरी क्षेत्रमा | | |
| | | | ३४० | ८० | ७५० | १ |
| | | | ५०० | ९६ | ३,००० | ३ |
| | | | ७०० | ११२ | ५,००० | ६ |
| | | | ८५० | १२७ | ७,५०० | १० |
| | | | १,००० | १३० | १०,००० | १५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | अङ्क हुन्छ सोही बमोजिम हुने। | | | |
| ५ | बसोबासको मूल्याङ्कन | | | | १५ |
| | | **आवाद कमोत र बसोबासको प्रकारको मूल्याङ्कन :** (जग्गामा निज वा निजको परिवारको वर्तमानको बसोबास र आवाद कमोतको स्थलगत वस्तुस्थितिको आधारमा) | खेतीपाती समेतको बसोबास | | १ |
| | | | घरबास मात्र | | २ |
| | | | खेतीपाती मात्र | | ४ |
| | | | व्यावसायिक उपयोग | | ७ |
| | | | बाँझो | | १० |
| ६ | आवाद कमोतको अवधि | | | | १० |
| | | **जग्गा भोगचलन गरेको समयावधि :** (जग्गामा निज वा निजको परिवारले बसोबासी वा आवाद कमोत गरेको स्थानीय तहको सिफारिस समेतको आधारमा) | ४० वर्ष भन्दा बढी | | ० |
| | | | २६ देखि ३९ वर्षसम्म | | २ |
| | | | १७ देखि २५ वर्षसम्म | | ५ |
| | | | १३ देखि १६ वर्षसम्म | | ८ |
| | | | १० देखि १२ वर्षसम्म | | १० |
| ७ | अन्यत्र जग्गा भए नभएको | | | | १५ |
| | | **बसोबासको अन्यत्र रहेको दर्तावाल जग्गाको क्षेत्रफल** | घर रहेको/घडेरी जग्गा | खेत/ पाखो | |
| | | | ३४० वर्ग मिटरसम्म | ३,००० वर्ग मिटरसम्म | ३ |
| | | | ५०० वर्ग मिटरसम्म | ५,००० वर्ग मिटरसम्म | ५ |
| | | | ७५० वर्ग मिटरसम्म | ७,५०० वर्ग मिटरसम्म | ८ |
| | | | १,००० वर्ग मिटरसम्म | १०,००० वर्ग मिटरसम्म | १० |
| | | | १,००० वर्ग मिटर भन्दा बढी | १०,००० वर्ग मिटर भन्दा बढी | १२ |
| | | | जति क्षेत्रफल भएपनि दुवै किसिमको जग्गा भएकोमा | | १५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (ख) खण्ड (क) बमोजिमको आधार र मापदण्डको आधारमा अव्यवस्थित बसोबासीको वर्गीकरण

| अङ्कभार | समूह |
|---|---|
| ७५ भन्दा माथि अङ्क प्राप्त गर्ने | क |
| ६६ देखि ७५ सम्म अङ्क प्राप्त गर्ने | ख |
| ५६ देखि ६५ सम्म अङ्क प्राप्त गर्ने | ग |
| ४६ देखि ५५ सम्म अङ्क प्राप्त गर्ने | घ |
| ३६ देखि ४५ सम्म अङ्क प्राप्त गर्ने | ङ |
| २६ देखि ३५ सम्म अङ्क प्राप्त गर्ने | च |
| १६ देखि २५ सम्म अङ्क प्राप्त गर्ने | छ |
| १५ वा सो भन्दा कम अङ्क प्राप्त गर्ने | ज |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-२३क.

(नियम ४१च. सँग सम्बन्धित)

## अव्यवस्थित बसोबासीको लागि दस्तुरको निर्धारण

| अव्यवस्थित बसोवासीको वर्ग | अङ्कभार | जग्गाको प्रयोजन र क्षेत्रफल वर्ग मिटर सम्म | | अङ्क भार | जग्गाको न्यूनतम मूल्याङ्कन | अङ्क भार | बाटोको पँहुच | अङ्क भार | जग्गा रहेको स्थान | अङ्क भार |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बसोबासी | कृषि | | | | | | | |
| ज | ५ | १३० | २,००० | १ | रू. दश लाखसम्म | १ | बाटो नभएको | ० | गाउँपालिकाको (ग्रामीण क्षेत्र) | १ |
| छ | ८ | २५० | ३,००० | २ | रू. दश लाख भन्दा माथि रू. बिस लाखसम्म | २ | गोरेटो बाटो | २ | गाउँपालिकाको (सहरोन्मुख क्षेत्र) | ३ |
| च | १३ | ४०० | ४,००० | ३ | रू. बिस लाख भन्दा माथि रू. तिस लाखसम्म | ४ | कच्ची मोटर बाटो | ४ | गाउँपालिकाको (सहरी क्षेत्र) | ५ |
| ङ | २२ | ५५० | ५,००० | ५ | रू. तिस लाख भन्दा माथि रू. पचास लाखसम्म | ७ | ग्राभेल मोटर बाटो | ६ | गाउँपालिकाको केन्द्र | ७ |
| घ | ३५ | ६५० | ६,००० | ७ | रू. पचास लाख भन्दा माथि रू. सत्तरी लाखसम्म | १५ | पक्की सडक (६ मिटर सम्म) | ८ | नगरपालिकाको (ग्रामीण क्षेत्र) | ५ |
| ग | ५२ | ७५० | ८,००० | ९ | रू. सत्तरी लाख भन्दा माथि देखि रू. एक करोड सम्म | २६ | पक्की सडक (६ मिटर देखि ८ मिटर सम्म) | १० | नगरपालिकाको (सहरोन्मुख क्षेत्र) | ७ |
| ख | ७२ | ८७५ | ९,००० | ११ | रू. एक करोड भन्दा माथि रू. एक करोड पचास लाखसम्म | ४० | पक्की सडक (८ मिटर भन्दा बढी) | १४ | नगरपालिकाको (सहरी क्षेत्र) | १२ |
| क | ९७ | १,००० | १०,००० | १४ | रू. एक करोड पचास लाख भन्दामाथि | ५६ | राजमार्ग | १८ | काठमाडौं उपत्यका | १५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

**द्रष्टव्य** : यस अनुसूचीबमोजिम कायम भएको अङ्कभारलाई सोही स्थानको आँठा जोडिएको सोही प्रकृतिको जग्गा रजिष्ट्रेसन प्रयोजनको लागि निर्धारण गरिएको जग्गाको न्यूनतम मूल्याङ्कन वा आँठा जोडिएको जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण नगरिएको भएमा मालपोत ऐन, २०३४ बमोजिमको न्यूनतम मूल्याङ्कन समितिबाट मूल्याङ्कन गर्न लगाई कायम भएको मूल्याङ्कन बमोजिमको रकमले गुणा गरी आएको गुणनफललाई सयले भाग गर्दा आएको भागफल बराबरको दस्तुर निर्धारण गरिने।"

**आज्ञाले,**
**मदन भुजेल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।